प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाचथर
कोशी प्रदेश, नेपाल
(कार्यक्षेत्र : पाँचथर र ताप्लेजुङ्ग)

प.सं.(प्रा.)०८०/०८१
च.नं.:-

मितिः- २०८०/१०/०३

# प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशन मितिः २०८०।०६।०४, दोश्रो पटक प्रकाशन मितिः २०८०।१०।०३

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८०।१०।१७**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथरको आ.व.०८०/०८१ को कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन २०७७ तथा नियमावली २०७८ ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा रीतपूर्वक प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि पेश भएका प्रस्तावहरु दर्ता गरिनेछैन। थप जानकारीको लागि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथरको फोन नं.०२४-५२२१२७ वा मोवाइल ९८५२६६०१२७ मा सम्पर्क राख्नु हुन र सूचना/मापदण्ड/आवेदनको ढाँचा वेवसाइट vhlecpanchthar.p1.gov.np बाट डाउनलोड गर्न सकिनेछ । विगत ३ बर्षभित्र संघ/प्रदेश स्थानीय तह वा आयोजनाहरुबाट अनुदान प्राप्त समूह/सहकारीलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन ।

## कार्यक्रम विवरण

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ सँग सम्बन्धित बुँदा नं. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | बाखाको बृहत्तर पकेट प्याकेज कार्यक्रम (संख्या १) | प्रति इकाई अधिकतम ३० लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.६.७ | पशुपालन समूह/ कृषि/पशुपालन सहकारी संस्था |

**आवेदन दस्तुर**

एकल खाता रहेको बैंक शाखा : नेपाल बैंक लिमिटेड फिदिम शाखा

| कार्यालयको नाम | खाता नं. | कार्यालय कोड | राजश्व शीर्षक | राजश्व रकम |
|---|---|---|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर | २७००२००००१००१००००१ | ३१२०२०२०११ | १४२२९ | रु.२०० |

**प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु :**

१.नेपाली नागरिकताको प्रतिलिपी
२.अनुदानग्राहीले अनुदानका लागि निवेदन पेश गर्दा निवेदन साथ प्रथम पटक सूचना प्रकाशन अगावै दर्ता भएको फर्म, उद्योग, कम्पनी, समूह/संस्था/सहकारी, स्थायी लेखा नं., करचुक्ता प्रमाण पत्र, लेखापरीक्षण प्रतिवेदन गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल तथा लागत सहभागिता खुलेको प्रस्ताव, अनुदान रकम प्राप्त नगरेको स्वघोषण, सम्बन्धित पशु सेवा शाखा र स्थानीय तहको सिफारिस ।
३.सञ्चालित व्यवसाय/कार्यक्रम सञ्चालन स्थलको रङ्गीन फोटोहरु ।
४.जग्गा भाडामा भए १० बर्षको भाडाको संझौताको प्रमाणपत्र तथा धनिपुर्जाको प्रतिलिपी
५.समूह/समिति/सहकारीको हकमा कार्यसमिति, सञ्चालक समितिको बैठकको निर्णको प्रतिलिपी र कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपी ।
६.लागत साझेदारी गर्ने रकमको श्रोत/बैंक स्टेटमेन्ट/वित्तिय संस्थाको प्रतिबद्धता पत्र ।
७.पशु बीमाको कागजात

**प्रस्ताव बुझाउने स्थान :** भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर

डा.मनोज कुमार महतो
डा. मनोज कुमार महतो
कार्यालय प्रमुख